नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः- २०७९।०४।२०**

राजस्व अनुसन्धान कार्यालय बुटवलबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत तुलसीपुर बुटवल ईजलास, बुटवलमा मिति २०७९।०४।१९ मा दायर गरिएको छ।

**१. अभियुक्तको विवरणः**

- जिल्ला रुपन्देही, लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं १३, बुद्धनगर स्थायी ठेगाना भएका साझा रेष्टुरेन्ट (६०५५४५६६१) का प्रोप्राइटर वर्ष ४१ का प्रकाश यादव र
- रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नं. १४, कालीमाटी बस्ने वर्ष २० का विष्णु यादव ।

**२. कसुरको संक्षिप्त विवरणः**

प्रतिवादीहरु साझा रेष्टुरेन्ट (६०५५४५६६१) का प्रोप्राइटर प्रकाश यादव र विष्णु यादवले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन सहित) को दफा ३ ले निषेध गरेको तथा ऐ.ऐनको दफा ४ बमोजिम राजस्व चुहावट सम्वन्धी कसुर गरी राजस्व चुहावट गरेको।

**३. कायम भएको विगो र सजायको मागदाविः**

प्रतिवादीहरु साझा रेष्टुरेन्ट (६०५५४५६६१) का प्रोप्राइटर प्रकाश यादव र विष्णु यादवले आफ्नो फर्मका सम्पूर्ण कारोबार अनुसारको विवरण पेश नगरी, नियमानुसार मु.अ.करमा दर्ता भई कारोबार गर्नु पर्नेमा सो नगरी, मु.अ.कर दाखिला गर्नुपर्नेमा सो नगरी कारोबार समेत लुकाई कारोबारबाट प्राप्त रकम मध्ये केही रकम आधिकारिक कारोबारमा समावेश गर्ने तर ठूलो परिमाणको विक्रीलाई कारोबार भन्दा बाहिर राखी आयकर तथा मू.अ.कर छलि गरी राजस्व चुहावट गरेको हुँदा आयकर तर्फ रु.५१,४१,९०२।-(एकाउन्न लाख एकचालिस हजार नौ सय दुई) र मु.अ.कर तर्फको रु.५६,९४,६२१।-(छपन्न लाख चौरानब्बे हजार छ सय एक्काइस) गरी **जम्मा बिगो रकम रु.१,०८,३६,५२३।- (एक करोड आठ लाख छत्तीस हजार पाँच सय तेइस मात्र)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन सहित) को दफा २३(१) बमोजिम असुल गरी शत प्रतिशत जरिवाना तथा सोही दफा २३ को उपदफा (१)(ख) बमोजिमको हदैसम्मको कैद र उपदफा ४ बमोजिमको ब्याज समेत असूल हुन र बरामद भएको लु. ४३ प २६५० नं. को मोटरसाइकल सोही ऐनको दफा ३३ बमोजिम जफत हुन समेतको मागदावी लिई श्री उच्च अदालत तुलसीपुर बुटवल ईजलास, बुटवलमा मुद्दा दायर गरिएको छ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**